नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
KAMALADI, KATHMANDU, BAGMATI PROVINCE, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: corporate@nsbl.com.np

मिति : २०८३/०८/०८
प.सं. : एनएसबिएल/सिओ/सिएसओ/२०८३-८४/५७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा
काठमाडौँ ।

विषय : ३३औँ वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द सम्बन्धमा ।

महोदय,

यस नेपाल एसबिआई बैंक लिमिटेडको संचालक समितिको मिति २०८३ कार्तिक २७ गते बसेको ५५२औँ बैठकले नेपाल राष्ट्र बैंकबाट आ.व. २०८२/८३ को वित्तीय विवरण स्वीकृत भएपश्चात वार्षिक साधारण सभा बोलाउने अख्तियारी प्रबन्ध संचालकलाई प्रदान गरे बमोजिम यस बैंकको ३३औँ वार्षिक साधारण सभा मिति २०८३ साल मंसिर २९ गते (तदनुसार १५ डिसेम्बर, २०२६) मंगलबारका दिन विहान ११ बजे त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौँमा बस्ने तय भएको र सो प्रयोजनका लागि मिति २०८३/०८/१७ गते १ (एक) दिनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द रहने बेहोरा जानकारी गराउँदछौ । सोही प्रयोजनका लागि बैंकको ३३औँ वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द रहने सम्बन्धमा मिति २०८३/०८/०९ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सूचना यसै पत्रसाथ संलग्न गरिएको वेहोरा अनुरोध छ । साथै सूचना सम्प्रेषण विवरण देहाय बमोजिम रहेको जानकारी गराउँदछौं ।

सूचना सम्प्रेषण विवरण :

१)	**नगद लाभाँश :**	४.८५ प्रतिशत (रु.५४,९७,५३,५३२.९५)
२)	**बोनस शेयर :**	३.४० प्रतिशत (रु. ३८,५३,९४,२२९.२९)
३)	**शेयर दाखिला खारेज बन्द मितिं :** **(Book Close Date)**	मिति २०८३/०८/१७ गते १(एक) दिन
४)	**हालको चुक्ता पुँजी :**	रु. ११,३३,५१,२४,३९०.७२
५)	**वार्षिक साधारण सभाको मिति :**	वि.सं. २०८३/०८/२९ (१५ डिसेम्बर, २०२६), मंगलबार

भवदीय,

(खगेश्वर भट्ट)
कम्पनी सचिव

बोधार्थ :

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौँ ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौँ ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाडौँ ।
५. श्री नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. कमलादी, काठमाडौँ (शेयर रजिष्ट्रार) ।